**मिति २०७८ बैसाख २० गतेको ५९ औं कार्यपालिका बैठकका प्रस्ताव र निर्णयहरु :**

प्रस्तावहरु :

१. कोभिड १९ को व्यवस्थापन सम्बन्धमा।

बडिमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णयहरु :

१. विश्वभर फैलिरहको कोरोना भाइरस कोभिड १९ संकट व्यवस्थापनको लागि देहाय अनुसार गर्ने।

क) मिति २०७८ बैसाख २० गतेको नगर विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने।

ख) नगरपालिकाबाट प्रवाह हुने सेवालाई वडागत र शाखागत रुपमा आलोपालो गरी सेवा प्रवाह गर्ने।

ग) नगरपालिकालाई तत्काल आवश्यक पर्ने एम्बुलेन्स र अनुगमनको लागि आवश्यक गाडीको प्रवन्ध गर्ने।

घ) आइसशोलेशनका लागि उपयुक्त भवन भाडामा लिई अन्य व्यवस्थापनका लागि बाजुरा जिल्ला अस्पताललाई जिम्मा दिने।

ङ) कोभिड १९ व्यवस्थापनका लागि आवश्यक औषधी उपकरण खरिदका गर्न नगर स्तरिय विपद व्यवस्थापन कोष, कोभिड कोष र अपुग अन्य स्रोतबाट व्यवस्थापन गर्न नगरपालिकालाई अख्तियारी दिने।

च) कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ बमोजिम २०७७ चैत्र महिना देखि भएको कोभिड १९ को रोकथाम, पहिचान, नियन्त्रण र उपचार सम्वन्धी कार्यमा खटाइएका स्वास्थ्यकर्मी एवं कर्मचारीहरूको लागि आदेशको दफा ७ बमोजिमको जोखिम भत्ता शुरूतलव स्केलको शत प्रतिशत, शुरू तलव स्केलको पचहत्तर प्रतिशत र शुरु तलव स्केलको पचास प्रतिशत पाउने व्यवस्था रहे तथा आदेको दफा ६ को उपदफा २ मा स्थानीय तहका जनशक्तिहरूको जोखिम भत्ता सम्वन्धित स्थानीय तहहरूले व्यवस्था गर्नु पर्ने उल्लेख भएको,

कोभिड-१९ को डरलाग्दो अवस्थामा पनि जिम्मेवारी बहन गरी कार्य गरेका जनशक्तिको जोखिम भत्ता वितरणका लागि चालु आ.व.मा छुट्टै बजेट विनियोजन नभएको तथा हाल कोभिड १९ दोस्रो चरणको भ्यारेन्ट तिव्र गतिमा फैलिरहेकोले यस अवस्थामा पुन: जनशक्तिलाई काममा लगाउनु पर्ने भएको २५ जना भन्दा बढीको भेला समेत गर्न नमिल्ने भएकोले चालु आ.व.मा विनियोजन भएका तालिम गोष्ठी सेमिनार आदिका लागि विनियोजन भएको तर हालसम्म कार्यान्वयन नभएका कृयाकलापहरूको बजेट, तलव एवं भत्ता अन्तर्गत बचत हुन सक्ने रकम खर्च शिर्षक २११११ देखि २८१४३ लाई संशोधन गरी २११३९ अन्य भत्ता शिर्षकमा रकमान्तर गरी स्वास्थ्य शाखाबाट सिफारिस एवं तत्कालिन प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भए बमोजिमको जोखिम भत्ता वितरण गर्ने निर्णय गरियो।

२०७८।१।२०